National News

August 6th, 2025

Wednesday

<u>प्रमुख समाचार</u>

१. प्रधानमन्त्री नरेन्द्र मोदीद्वारा आज नयाँ दिल्लीमा कर्तव्य पथमा कर्तव्य भवन-३ को उद्घाटन

२. संसदका दुवै सदनको कारबाही भोलिसम्मका लागि स्थगित

३. अश्लील सामग्री प्रसारण गरेकोमा ४३ ओटीटी प्लेटफर्महरूमाथि प्रतिबन्ध

४. भारतीय रिजर्भ बैंकको मौद्रिक नीति समितिले रेपो दर ५.५ प्रतिशतमा अपरिवर्तित राख्ने निर्णय

५. उत्तरकाशी जिल्लाको खीरगंगा नदीमा बादल फाटेपछि आएको विनाशकारी बाढीबाट अहिलेसम्म १९० जनाको उद्धार

## १. PM – Kartavya Bhawan

प्रधानमन्त्री नरेन्द्र मोदीले आज नयाँ दिल्लीको कर्तव्य पथमा अवस्थित कर्तव्य भवन-३ को उद्घाटन गर्नुभयो। प्रधानमन्त्रीले नयाँ भवनको निरीक्षण गर्नुभयो र यसका विशेषताहरूको बारेमा सोधपुछ गर्नुभयो। यस अवसरमा श्री मोदीले भवन परिसरमा बिरुवा पनि रोप्नुभयो।

एक सामाजिक सञ्जालमा पोस्टमा श्री मोदीले कर्तव्य भवनले विकसित र आत्मनिर्भर भारत निर्माण गर्ने सरकारको प्रतिबद्धतालाई प्रतिबिम्बित गर्ने बताउनुभयो । उहाँले भवनका निर्माणकर्मीहरूको कडा परिश्रम र दृढ संकल्पको लागि प्रशंसा गर्नुभयो र उनीहरूसँग अन्तरक्रिया पनि गर्नुभयो । कर्तव्य भवन-३ सेन्ट्रल भिस्टाको व्यापक रूपान्तरणको एक हिस्सा हो। यसको उद्देश्य प्रशासनिक प्रक्रियालाई सुव्यवस्थित गर्नु हो। यस अवसरमा श्री मोदीले आज साँझ एक सभालाई सम्बोधन गर्नुहुनेछ।

## २. Parliament Updates

संसदमा विभिन्न मुद्दाहरूमा विपक्षी सदस्यहरूले गरेको  होहल्लाका कारण आज पनि दुवै सदनको कारबाही भोलिसम्मका लागि स्थगित गरियो।

## ३. RS - Goods Transport Bill

राज्यसभाले आज समुद्री कार्गो यातायात विधेयक २०२५ पारित गरेको  छ। यो विधेयक लोकसभामा पहिले नै पारित भइसकेको छ। यो विधेयकले भारतीय समुद्री कार्गो यातायात ऐन, १९२५ लाई प्रतिस्थापन गर्नेछ।

## ४. LS – Merchant Shipping Bill

लोकसभाले आज व्यापारी ढुवानी विधेयक-२०२४ पारित गऱ्यो। यो विधेयकले व्यापारी ढुवानी ऐन १९५८ लाई प्रतिस्थापन गर्नेछ। यो विधेयकले समुद्री सन्धि र अन्तर्राष्ट्रिय सम्झौताहरू अन्तर्गत भारतको दायित्वहरूको पालना सुनिश्चित गर्न व्यापारी ढुवानीसँग सम्बन्धित कानूनलाई संशोधन गर्दछ। यो विधेयकले भारतीय ढुवानीको विकास र राष्ट्रिय हितमा सम्भव भएसम्म उत्तम तरिकाले भारतीय व्यापारी समुद्री क्षेत्रको कुशल मर्मतसम्भार सुनिश्चित गर्नेछ।

## ५. LS – Baishnav OTT

सूचना तथा प्रसारण मन्त्री अश्विनी वैष्णवले अश्लील सामग्री प्रसारण गरेकोमा ४३ ओटीटी प्लेटफर्महरूलाई प्रतिबन्ध लगाइएको बताउनुभएको छ। लोकसभामा एक प्रश्नको लिखित जवाफमा श्री वैष्णवले ओटीटी प्लेटफर्महरूमा यस्ता सामग्रीको नकारात्मक प्रभावलाई हटाउन सरकारले सूचना प्रविधि-मध्यस्थता निर्देशिका र डिजिटल मिडिया, आचारसंहिता-नियम, २०२१ लाई अधिसूचित गरेको बताउनुभयो। उहाँले भन्नुभयो, यी नियमहरू अन्तर्गत, ओटीटी प्लेटफर्महरूले कानूनद्वारा निषेधित कुनै पनि सामग्री प्रसारण गर्न पाउने छैनन्।

## ६. RS – IA Literacy Program

सरकारले यस वर्षको मे महिनादेखि राष्ट्रिय महिला आयोगको यशोदा आर्टिफिसियल इन्टेलिजेन्स-एआई साक्षरता कार्यक्रम अन्तर्गत ग्रामीण र अर्ध-शहरी क्षेत्रका लगभग २५०० महिलाहरूलाई तालिम दिइएको बताएको छ। महिला तथा बाल विकास राज्यमन्त्री सावित्री ठाकुरले आज राज्यसभामा लिखित जवाफमा यो जानकारी दिनुभएको हो। उहाँले यस कार्यक्रमको उद्देश्य महिलाहरूलाई एआई साक्षरताले सुसज्जित गर्नु, डिजिटल समावेशीकरणलाई प्रवर्द्धन गर्नु र साइबर सुरक्षा, डिजिटल गोपनीयता र सुरक्षित अनलाइन अभ्यासहरूको क्षेत्रमा सशक्त बनाउनु हो भन्नुभयो। उहाँले यस कार्यक्रम अन्तर्गत सरपंच, प्रधान, मेयर, आशा कार्यकर्ता, शिक्षक र विद्यार्थी, प्रहरी अधिकारी र सरकारी अधिकारीहरू जस्ता स्थानीय निर्वाचित प्रतिनिधिहरूलाई तालिम दिइएको बताउनुभयो।

## ७. RBI – Repo Rate

भारतीय रिजर्भ बैंकको मौद्रिक नीति समितिले आज रेपो दर ५.५ प्रतिशतमा अपरिवर्तित राख्ने निर्णय गरेको  छ। प्राप्त जानकारीअनुसार GDP दर पूर्वानुमान साढे छ प्रतिशतमा कायम राखिएको छ।

## ८. ED - Raid

विश्वव्यापी साइबर ठगी मुद्दामा प्रवर्तन निर्देशनालयले आज दिल्ली, नोएडा, गुरुग्राम र देहरादुनका ११ स्थानमा छापा मारिरहेको छ। निर्देशनालयका अनुसार, ठगी गर्नेहरूले प्रहरी, अनुसन्धान अधिकारी र प्राविधिक सहयोग सेवा एजेन्टको रूपमा प्रस्तुत भएर विदेशी र भारतीय नागरिकहरूलाई ठगेका थिए।

## ९. Uttarakhand - Cloudbursts

उत्तराखण्डको उत्तरकाशी जिल्लाको धराली क्षेत्रमा हिजो खीरगंगा नदीमा बादल फ ाटेपछि आएको बाढीबाट प्रभावित क्षेत्रमा राहत र उद्धार कार्य युद्धस्तरमा भइरहेको छ। करिब एक सय नब्बे जनालाई सुरक्षित स्थानमा पठाइएको छ। सेना, राष्ट्रिय विपद् प्रतिक्रिया बल, राज्य विपद् प्रतिक्रिया बल, जिल्ला प्रशासन र अन्य विभागका टोलीहरू उद्धार कार्यमा संलग्न छन्। प्रशासनले आश्रयस्थलहरूमा रहेका पीडितहरूका लागि खाना, पिउने पानी र औषधिको उचित

व्यवस्था गरेको  छ। यसैबीच, उत्तराखण्डका मुख्यमन्त्री पुष्कर सिंह धामीले आज देहरादूनको राज्य आपतकालीन सञ्चालन केन्द्रबाट प्रकोप प्रभावित क्षेत्रको हवाई सर्वेक्षण गर्नुभयो र स्थितिको समीक्षा गर्नुभयो। उहाँले सेना र अन्य निकायहरू र स्थानीय नागरिकहरू उद्धार कार्यमा संलग्न रहेको बताउनुभयो। उहाँले भन्नुभयो.
उत्तराखण्डमा धेरै खराब मौसमका कारण धेरै ठाउँमा सडकको सम्पर्क विच्छेद भएको छ र केही पुलहरूमा पनि क्षति पुगेको छ। जसका कारण त्यहाँ पुग्न गाह्रो हुँदै गइरहेको छ। देहरादुनको विपद् राहत कार्य सञ्चालन केन्द्रले २४ घण्टा समन्वय गरिरहेको छ। विभागले सबै प्रकारका नयाँ उपकरणहरू उपलब्ध गराउन काम गरिरहेको छ। सेनाको हेलिकप्टर पनि तैनाथ गरिएको छ। मौसममा सुधार हुने बित्तिकै सेनाको हेलिकप्टरबाट पनि उद्धार कार्य गरिनेछ। राष्ट्रिय विपद् प्रतिक्रिया बलका उपमहानिरीक्षक मोहसिन शाहिदीले 190 भन्दा बढी मानिसहरूलाई सुरक्षित स्थानमा पठाइएको बताउनुभएको छ। उहाँले विपद्मा १०० भन्दा बढी घाइते र बेपत्ता हुने सम्भावना व्यक्त गर्नुभएको छ। हाम्रा संवाददाताले जानकारी दिएअनुसार मौसम विभागले आगामी केही दिन राज्यमा अझै मुसलधारे वर्षा हुने पूर्वानुमान गरेको  छ।

## १०. Army – Uttarkashi

उत्तरकाशीको धरालीमा बादल फाटेको घटनापछि सेनाले आफ्ना एक जुनियर कमिसन्ड अफिसर र ८ जना सैनिक अझै पनि बेपत्ता रहेको बताएको छ। सेनाका अनुसार, द्रुत र मानवीय सहायता र विपद् अभियान चलिरहेको छ। यस कार्यका लागि सेनाका २२५ भन्दा बढी कर्मचारीहरू खटाइएको छ। भग्नावशेष हटाउन र आवागमन पुनर्स्थापित गर्न इन्जिनियरहरू पनि धरालीमा पुगेका छन्।